mofesc.lumbini@gmail.com
info.mofesc@lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार

# वन तथा वातावरण मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल




सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५को नियम ३ बमोजिम स्वतः प्रकाशन गरिएको बिवरण

अवधि २०८२/०१/०१-२०८२/०३/३१

## स्वतःप्रकाशन

सुशिल सुवेदी
वरिष्ठ वन अधिकृत

(प्रमोद भट्टराई)
सचिव

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको बिवरण ३/३ महिनामा प्रकाशन गर्नु पर्ने कानूनी व्यवस्था बमोजिम देहायका सूचना सूचिकृत गरी प्रकाशन गरिएको छ ।

(आ.व.२०८१/०८२ को बैशाख, जेष्ठ र असार महिनाको विवरण)

१. निकायको स्वरुप र प्रकृति

लुम्बिनी प्रदेशमा वन, वन्यजन्तु, जैविक बिबिधता तथा वातावरण क्षेत्रको विकास, विस्तार र समृद्धि गर्ने जिम्मेवारी सहित यस मन्त्रालय स्थापना भई सञ्चालनमा रहेको छ। प्रदेश भित्रको वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन, वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार सम्बन्धी नियमन र व्यवस्थापन, वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि र नियमन गर्ने यस मन्त्रालयको मुख्य जिम्मेवारी रहेको छ ।

२. निकायको काम, कर्तब्य र अधिकार

प्रदेश सरकार (कार्य विभाजन) नियमावली अनुसार यस मन्त्रालयको कार्यक्षेत्र अनुसारका मुख्य जिम्मेवारीहरू देहाय बमोजिम रहेका छन् ।

- प्रदेशस्तरमा वन र वन क्षेत्र सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन
- वन्यजन्तु र वन पैदावार ओसारपसार सम्वन्धी नियमन र अपराध नियन्त्रण
- वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन
- प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन
- हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन
- जडिबुटी खेती प्रविधि प्रवर्द्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा, तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क संकलन
- वन तथा वातावरण सम्बन्धी बिषयमा प्राविधिक सूचना तथा सेवा प्रबाह
- वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धी नीति, समन्वय र सहयोग
- प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्वन्धी नीति र व्यवस्थापन
- प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँट
- प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति, प्रविधि विकास, व्यवस्थापन

सुशील सुवेदी
बरिष्ठ वन अधिकृत

- प्रदेशभित्र भूस्खलन नियन्त्रण
- प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन
- प्रदेशस्तरमा वातावरण सम्वन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना
- प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार
- प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन
- प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा बिद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण
- प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन
- प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन
- प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिबृद्धि, वातावरणीय सुशासन तथा परीक्षण
- भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, बर्गीकरण, संरक्षण र व्यवस्थापन
- संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण
- अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षरोपण व्यवस्थापन
- वृक्षरोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउबगैंचा स्थापना र व्यवस्थापन
- प्रदेशभित्र वृक्षरोपण तथा सम्भार सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशभित्र जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन
- वन्यजन्तु र चराचुरुङ्गी सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन आदी ।

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

यस मन्त्रालय अन्तर्गत कार्यरत कर्मचारीहरुको विवरण

जम्मा कर्मचारी दरबन्दी: ५३ ( स्थायी: ४५, अस्थायी: ८)

हाल जम्मा कार्यरत: २४ जना ( दरबन्दी: १६, करार: ८)

रिक्त पद संख्या:२९

(प्रमोद भट्टराइ)
सचिव

सुशिल सुवेदी
बरिष्ठ वन अधिकृत

(प्रमोद भट्टराई)
सचिव

## ४. *निकायबाट* प्रदान गरिने सेवा,प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी,सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

### ४.१ निकायबाट प्रदान गरिने सेवा

| प्रदान गरिने सेवाको किसिम | सेवा प्राप्त गर्न पेश गर्नुपर्ने बिवरण | सेवा प्राप्त गर्न लाग्ने | | सेवा दिने शाखा/ कर्मचारी |
|---|---|---|---|---|
| | | शुल्क | समय | |
| प्रदेशको वन ब्यबस्थापनमा भएका समस्या तथा गुनासो ब्यबस्थापन | लिखित/मौखिक अनुरोध | निशुल्क | सेवाको प्रकृति हेरि ७ दिन देखि ३ महिना सम्म | बन ब्यबस्थापन,योजना तथा अनुगमन महाशाखा |
| वातावरणीय जोखिम न्यूनिकरण तथा प्राकृतिक प्रकोप ब्यबस्थापन | समूह/समितिको निर्णय(माइन्युट)को फोटोकपि, सम्बन्धित पालिका/ वडाको सिफारिश पत्र, सहितको निवेदन । | निशुल्क | प्राथमिकताको आधारमा ७ दिन भित्र कार्य शुरु | भु संरक्षण तथा जैबिक बिबिधता महाशाखा र वातावरण तथा जलवायु परिवर्तन महाशाखा |
| जनशक्ति ब्यबवस्थापन तथा गुनासो ब्यबस्थापन | लिखित/मौखिक अनुरोध | निशुल्क | प्राथमिकताको आधारमा ७ दिनमा गुनासो सम्बोधन तथा जनशक्ति ब्यबस्थापन बर्षभर | प्रशासन महाशाखा |
| वातावरणीय अनुगम तथा वातावरणीय राजश्व संकलन | ,, ,, | निशुल्क | प्राथमिकताको आधारमा ७ दिन भित्र कार्य शुरु | वातावरण व्यवस्थापन तथा अनुगमन शाखा |
| अध्ययन, अनुसन्धान प्रविधि विकास, सूचना प्रणाली तथा वनक्षेत्रका योजना निर्माण एवं ऐन तथा निर्देशिका निर्माण तथा कार्यान्वयन | ,, ,, | निशुल्क | प्राथमिकताको आधारमा | बजेट, कार्यक्रम तथा योजना शाखा |
| क्षमता विकास, प्रचारप्रसार तथा अन्य प्राबिधिक सहयोग | ,, ,, | निशुल्क | प्राथमिकताको आधारमा ७ दिन भित्र कार्य शुरु | सबै शाखा |
| अन्य प्रशासनिक सेवा | लिखित/मौखिक अनुरोध | निशुल्क | सेवाको प्रकृति हेरि तुरुन्तै | प्रशासन शाखा |
| लेखा सम्बन्धि सेवा | लिखित अनुरोध | निशुल्क | नियमानुसार तुरुन्तै | आर्थिक प्रशासन शाखा |

सुशिल सुवेदी
बरिष्ठ वन अधिकृत

## ४.२ शाखा र जिम्मेवार अधिकारी

| क्रसं | महाशाखा/शाखा | कर्मचारी | पद | कैफियत |
|---|---|---|---|---|
| १ | | श्री प्रमोद भट्टराई | सचिव | |
| २ | वन व्यबस्थापन, योजना अनुगमन महाशाखा र वातावरण तथा जलवायु परिवर्तन महाशाखा | श्री विसेन्द्रराज सुवेदी | वन निर्देशक (अधिकृतस्तर दशौं) | |
| ३ | प्रशासन महाशाखा | श्री प्रेम प्रसाद आचार्य | उपसचिव | |
| ४ | भु-संरक्षण तथा जैविक विविधता महाशाखा | श्री विसेन्द्रराज सुवेदी | बरिष्ठ भु संरक्षण अधिकृत (अधिकृत आठौं) | |
| ५ | प्रशासन शाखा | श्री दुर्गा बहादुर खत्री | बरिष्ठ शाखा (अधिकृत आठौं) | |
| | | श्री तारा प्रसाद शर्मा | अधिकृत (अधिकृत छैटौं) | |
| | | श्री ज्ञानु कुमारी हितान मगर | बरिष्ठ प्रशासन सहायक (सहायकस्तर पाँचौ) | |
| ६ | वन व्यबस्थापन तथा वन उद्यम शाखा र पर्यापर्यटन, वन र वन्यजन्तु संरक्षण शाखा | श्री सुशिल सुवेदी | बरिष्ठ वन अधिकृत (अधिकृत आठौं) | |
| | | श्री राजेन्द्र सोमै मगर | सहायक वन अधिकृत (अधिकृत छैटौं) | |
| ७ | बजेट, कार्यक्रम तथा योजना शाखा र तथ्याङ्क व्यवस्थापन अनुगमन शाखा | श्री टोलकराज चापागाई | बरिष्ठ वन अधिकृत (अधिकृत आठौं) | |
| | | श्री पंकज झा | सहायक वन अधिकृत (अधिकृत छैटौं) | |
| ८ | जैविक विविधता तथा जडिबुटी विकास शाखा | श्री शान्ती शर्मा भुषाल | बरिष्ठ बैज्ञानिक अधिकृत (अधिकृत आठौं) | |
| ०९ | वातावरण व्यवस्थापन तथा अनुगमन शाखा र जलवायु परिवर्तन शाखा | श्री निर्मल चौधरी | बरिष्ठ वातावरण निरिक्षक (अधिकृत आठौं) | |
| १० | आर्थिक प्रशासन शाखा | श्री धन बहादुर नेपाली | अधिकृत (लेखा अधिकृत छैटौं) | |
| ११ | भु संरक्षण शाखा | | | हाल रिक्त |
| १२ | कानुन शाखा | श्री प्रेम प्रसाद पन्थी | कानुन अधिकृत (राप तृतिय) | |

*५. निर्णय गर्ने प्रक्रिया र अधिकारी*

प्रचलित ऐन, नियम, निर्देशिका, कार्यविधि समेतको अधिनमा रही आवश्यकता अनुसार कर्मचारी बैठक, सम्बन्धित महाशाखा प्रमुखको राय, सम्बन्धित शाखा प्रमुखको राय टिप्पणी विधिको प्रकृया अपनाईने।

अधिकारः- सचिवबाट र मन्त्रीस्तरबाट हुनुपर्ने निर्णय मन्त्रीस्तरबाट ।

*६. निर्णय उपर उजुरी सुन्ने अधिकारी*

नामः प्रमोद भट्टराई

पदः प्रदेश सचिव

*७. सम्पादन गरेको कामको विवरण*

*यस अवधिमा गरिएका मुख्य मुख्य कार्यहरुको विवरण निम्न बमोजिम रहेको ।*

१) बार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।०८२ बमोजिम आर्थिक बर्ष २०८१|८२ मा यस वन तथा वातावरण मन्त्रालयको कार्यक्रम तर्फको १ अर्ब ७ करोड ३० लाख र प्रशासनिक तर्फको ८७ करोड ९२ लाख गरि जम्मा १ अर्ब ९५ करोड २२ लाख कुल बजेट मध्ये १ अर्ब ४७ करोड ९१ लाख खर्च गर्न सफल भई मन्त्रालयको समग्र प्रगति ७२ प्रतिशत हासिल गरेको ।

२) लुम्बिनी प्रदेशको कुल २ वटा सरकारद्धारा व्यवस्थित चक्ला वन, ८ वटा साझेदारी वन र ५६२ वटा सामुदायिक वनको कसल १,१४,६४७.४२ हेक्टर वन क्षेत्रमा वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन मार्फत २७ लाख ६० हजार ५९८ क्यु फिट काठ र ८९२१.४२ चट्टा दाउरा उत्पादन भई प्रदेश संचित कोषमा ३९ करोड ०५ लाख ४७ हजार ४६५ रुपैया प्रदेश संचित कोषमा र १ अर्ब ११ करोड ८६ लाख ०७ हजार ७५१ रुपैया उपभोक्ता समुहको खाता आयआर्जन गर्न सफल भई दिगो वन व्यवस्थापन मार्फत पारस्थितिकिय प्रणाली संरक्षण, जलवायु परिवर्तन न्युनिकरण तथा अनुकुलन, आर्थिक समृद्दि र सामाजिक सशक्तिकरणमा टेवा पुर्याएको।

३) डिभिजन वन कार्यालय अर्घाखाँची, कपिलवस्तु र दाङ(देउखुरी) मा वनक्षेत्रको खोलाखोल्सी व्यवस्थापन मार्फत विपद व्यवस्थापन , वन तथा वस्तीक्षेत्रमा कटान रोकथाम, पानीको मुहान संरक्षणका साथै विकास निर्माण कार्यका लागि नदिजन्य निर्माण सामाग्रीको सहज आपुर्ति मार्फत १ करोड ५८ लाख ३ हजार ८५६ रुपैया प्रदेश संचित कोषमा राजस्व संङ्कलन गरिएको।

४) वन क्षेत्रमा खोटो , जडिबुटी लगायतका ग्रैहकाष्ठ वन पैदावारको दिगो संकलन तथा व्यवस्थापन मार्फत जम्मा ३४ लाख ४१ हजार १९५ केजी खोटो र ५ लाख ५५ हजार ३०१ केजी जडिबुटी संकलन गरि ग्रामिण क्षेत्रमा रोजगारी सृजना तथा आर्यआर्जनको स्रोत उपलब्ध गराईएको ।

५) आ.व २०८१।८२ मा मातहतका कार्यालय मार्फत ४० लाख ०७ हजार २१० विरुवा उत्पादन तथा खरिद गरि जम्मा ६२२.६ हेक्टर क्षेत्रफलमा वृक्षारोपण र २१ लाख २३ हजार ७१० विरुवा निशुल्क वितरण गरिएको ।

(प्रमोद भट्टराइ) सचिव

सुशिल सुवेदी
बरिष्ठ वन अधिकृत

६) लुम्बिनी प्रदेश भरि ६३०७ मिटर तटबन्धन निर्माण, ७४ स्थान (३२८० मि) पहिरो नियन्त्रण, ११६ वटा सिमसार संरक्षण, ३२ वटा नयाँ पोखरी निर्माण, ७५ हजार ५४८ घमि जलभण्डारण क्षमता अभिबृद्दी मार्फत ९९ हजार ७५४ श्रमदिन रोजगारी सृजना गरि भु संरक्षण, जलस्रोतको संरक्षण तथा व्यवस्थापन मार्फत विपद व्यवस्थापन मार्फत २३००० घरधुरीलाई प्रत्यक्ष लाभान्वित गरिएको ।

७) मानव वन्यजन्तु द्धन्द व्यवस्थापनका लागि बर्दिया जिल्ला मधुवन न.पा वडा नँ १, २, ३ का ६७५६ घरधुरीको सामुहिक जिवन विमा गरिएको र वन्यजन्तुको आक्रमणमा परी मृत्यु र घाईते भएका ४ परिवारलाई कुल रु २५ लाख ५० हजार राहत वितरण गरिएको ।

८) मन्त्रालय मातहतका निकायमा कार्यरत कर्मचारीहरुको प्रदेश निजामति सेवा ऐन र नियमावली अनुरुप नियमित बढुवा तथा पदस्थापना गरिएको ।

९) बर्दिया, बाँके, दाङ, अर्घाखाँची, पाल्पा जिल्लाका वन्यजन्तुबाट क्षति भएका जम्मा २६८ पशुधन पिडितलाई ३९,३४,५०० रुपैयाँ, १ बालीधन पिडितलाई १,६२० रुपैयाँ र २० मानविय पिडितलाई ७९,७६,२३२ रुपैयाँ गरि जम्मा २८९ पिडितलाई १,१९,१२,३५२ रुपैयाँ राहत वितरण गरिएको।

१०) लुम्बिनी प्रदेश वन तथा वातावरण मन्त्रालय र यस अन्तर्गतका विभिन्न डिभिजन वन कार्यालयहरूमा कृषि तथा वन विज्ञान विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालय, काठमाडौं फरेष्ट्रि कलेज, र हेटौडा वन विज्ञान संकायबाट अध्ययनरत ४० जना इन्टर्नहरूलाई खटाइएको साथै, विभिन्न शैक्षिक संस्थाहरूबाट स्नोत्कत्तर तहको शोधपत्र अनुसन्धान गर्ने विद्यार्थीहरूले लुम्बिनी प्रदेशको दिगो वन व्यवस्थापन, नर्सरी व्यवस्थापन, वन डढेलो, जैविक विविधता, माटोको कार्बन स्टक, र वन उत्पादनहरूको मूल्य श्रृंखला जस्ता विषयहरूमा अनुसन्धान र त्रिभुवन विश्वविद्यालय वन विज्ञान अध्ययन संस्थान मार्फत वन सम्बर्द्धन प्रणालीको प्रभावकारिता सम्बन्धी अध्ययन कार्य गरि प्रदेश र शैक्षिक संस्थान (*Academia*) बिच सहकार्य गरि वन सेवा र अनुसन्धानलाई प्रथामिकता दिइएको।

## ८. *सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद*

| सुचना अधिकारी | कार्यालय प्रमुख |
|---|---|
| नामः सुशिल सुवेदी<br>पदः बरिष्ठ वन अधिकृत<br>तहः अधिकृतस्तर आठौं<br>सम्पर्क नः ९८४६७४०१८५<br>ईमेलः sushilsubedi364@gmail.com<br>info.mofesc@lumbini .gov.np | नामः प्रमोद भट्टराई<br>पदः सचिव<br>श्रेणीः रा.प.प्र<br>सम्पर्क नः ९८५७०७५६६६<br>ईमेलः mofesc.lumbini@gmail.com |

(सुशिल सुवेदी)
बरिष्ठ वन अधिकृत

## ९. ऐन, नियम, विनियम, निर्देशिकाको सूची

(प्रमोद भट्टराइ)
सचिव

१.नेपालको सविधान २०७२
२.वन नीती, २०७१
३.वन ऐन, २०७६,वन नियमावली २०७९,प्रदेश वन ऐन २०७८ र प्रदेश वन नियमावली, २०७९
४.राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९
५.राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण नियमावली,२०३०
६.संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्टिय व्यापार नियन्त्रण ऐन, २०७३
७.वातावरण संरक्षण ऐन, २०७६,प्रदेश वातावरण संरक्षण ऐन २०७७
८.वातावरण संरक्षण नियमावली, २०७७, प्रदेश वातावरण संरक्षण नियमावली २०७७
९.सामुदायिक वनको निर्देशिका,२०५२
१०. निजी वन विकास निर्देशिका, २०६८
११.वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०७४
१२.सामुदायिक वनको काठ, दाउरा संकलन तथा बिक्री वितरण निर्देशिका, २०७१
१३.वन्यजन्तु आखेटोपहार व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७२
१४.राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०७६
१५. व्यवसायिक प्रयोजनका लागि कबुलियती वन उपलब्ध गराउने कार्यविधि,२०६८
१६. सरकारी रुखहरु हटाउने सम्बन्धी मापदण्ड, २०७१
१७. निजामती सेवा ऐन, २०४९ र लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८०
१८ निजामती सेवा नियमावली, २०५० र लुम्बिनी प्रदेश निजामती सेवा नियमावली, २०८०
१९. सार्वजनिक खरीद ऐन,२०६३ र सार्वजनिक खरीद नियमावली, २०६४
२० सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५
२१ सङकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय ब्यापार यिन्त्रण ऐन २०७३ र सङकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय ब्यापार यिन्त्रण नियमावली २०७६
२२. लुम्बिनी प्रदेशको वन सम्बर्धन प्रणालीमा आधारित वन ब्यवस्थापन मापदण्ड २०७९
२३. प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७४

## *१०.स्वीकृत वार्षिक कार्यक्रम (आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि) र सो को प्रगति विवरणः*

**२०८२ बैशाख १ गते देखि २०८२ असार मसान्त सम्मको प्रगति विवरणः**

| क.सं. | बजेट कोड | बजेट उपशीर्षक | वार्षिक बजेट रु. लाखमा | वार्षिक खर्च रु. लाखमा | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ३२९०००११ | वन तथा वातावरण मन्त्रालय | ४५८.४१ | ३०५.८९ | ६६.७३ |
| २ | ३२९०००१२ | वन, वन्यजन्तु जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम | १६२१.९८ | ११४७.५४ | ७०.७५ |
| ३ | ३२९०००१३ | जडिबुटी तथा गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम | ३२६. | १६५.५४ | ५०.७८ |
| ४ | ३२९०००१४ | भु-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम | २८४८.५ | २२४६.५३ | ७८.८७ |

सुशिल सुवेदी
वरिष्ठ वन अधिकृत

| क्र.सं. | बजेट कोड | बजेट उपशीर्षक | वार्षिक बजेट रु. लाखमा | वार्षिक खर्च रु. लाखमा | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| ५ | ३२९०००१५ | वन क्षेत्र भित्रका खोल्सा खोल्सी व्यवस्थापन कार्यक्रम | ११९. | ५७.९५ | ४८.७ |
| ६ | ३२९०००१६ | वातावरण तथा जलवायु अनुकुलन कार्यक्रम | २१७.२५ | १६९.२ | ७७.८८ |
| ७ | ३२९०००१७ | वन उद्यम र पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम | २३४. | १९०.४ | ८१.३७ |
| ८ | ३२९०००१८ | कृषि वन तथा बृहत्तर हरियाली प्रवर्द्धन कार्यक्रम | ७४१.५ | ५३०.८२ | ७१.५९ |
| ९ | ३२९०१०११ | वन निर्देशनालय | २०१.३२ | १३७.०४ | ६८.०७ |
| १० | ३२९०१०१२ | डिभिजन वन कार्यालयहरु | ७०८५.२९ | ५३२३.७६ | ७५.१४ |
| ११ | ३२९०१०१३ | भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु | ३२९.९२ | २४०.२८ | ७२.८३ |
| १२ | ३२९०२०११ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | ९५.८३ | ६७.९५ | ७०.९१ |
| १३ | ३२९९११२० | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम(शसर्त) | २५९.४ | २२६.९७ | ८७.५ |
| १४ | ३२९९११२१ | सम्वृद्धिका लागि वन(शसर्त) | २६००.४ | १९३७.५४ | ७४.५१ |
| १५ | ३२९९११२३ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम(शसर्त) | ७१७. | ६४५.४२ | ९०.०२ |
| १६ | ३२९९११२५ | जडिबुटी विकास कार्यक्रम(शसर्त) | २००. | १४८.१८ | ७४.०९ |
| १७ | ३२९९११२८ | वातावरण विभाग(शसर्त) | ३६५. | २७०.७९ | ७४.१९ |
| १८ | ३२९९११२९ | डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) (शसर्त) | ६२१.६९ | ५९१.४५ | ९५.१४ |
| १९ | ३२९९११३० | जलाधार संरक्षण तथा सीमसार ब्यवस्थापन कार्यक्रम(शसर्त) | ४८०. | ३८७.८५ | ८०.८ |
| | जम्मा | | १९५२२.४९ | १४७९१.१ | ७५.७६ |

११.तोकिए बमोजिमका अन्य विवरण:- छैन

*१२.यस निकायको वेबसाईड भए सो को विवरण:-*:-www.moitfe.lumbini.gov.np

१३. यस निकायले प्राप्त गरेको बैदेशिक सहायता,ऋण,अनुदान एवं प्राविधिक सहयोग र संझौता सम्बन्धि विवरण:-

- यस प्रकारको सिधै सहयोग प्राप्त नभएको तर विश्व बैकको अनुदान सहयोग अन्तरगतको समृद्धीका लागि वन कार्यक्रम सन्चालनमा रहेको ।

सुशिल सुवेदी
बरिष्ठ वन अधिकृत

*१४.यस निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगतिः-*

| विवरण | कुल बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| कार्यक्रम बजेट | १ अर्ब ७ करोड ३० लाख | ८१ करोड २४ लाख ३० हजार | ७५.७२ |
| प्रशासनिक बजेट | ८७ करोड ९२ लाख | ६६ करोड ६६ लाख ३७ हजार | ७५.८२ |
| जम्मा बजेट | १ अर्ब ९५ करोड २२ लाख | १ अर्ब ४७ करोड ९१ लाख | ७५.७६ |

१५. यस निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः-

- छैन ।

*१६.यस निकायमा परेका सूचना माग सम्बन्धि निवेदन र सो उपर सूचना दिईएको विषयः-*

यस अवधिमा लिखित रुपमा परेका सूचना माग विवरण तलको तालिकामा रहेको छ भने मौखिक र टेलिफोनबाट माग भएका सूचनाहरु सोही माध्यमबाट उपलब्ध गराईएको ।

| सि न | मिति | सुचना माग गर्ने निकाय व्यक्तिको नाम र ठेगाना | माग गरिएको सुचनाको विषय र माध्यम | सुचना उपलब्ध गराईएको विवरण | कै. |
|---|---|---|---|---|---|
| १ | ०८१।०४।०३ | श्री उमिद प्रसाद बागचन्द, धनगढी नगरपालिका १ कैलाली | गत आ.व. मा सम्पन्न हुन नसकेका कार्यक्रमको विवरण तथा खर्च हुन नसकेको बजेट विवरण/ लिखित निवेदन | यस मन्त्रालयको च. नं २ मिति २०८१।०४।३ गतेको पत्रबाट माग भए बमोजिमको विवरण(सुचना) उपलब्ध गराईएको | |
| २ | ०८१।०४।३१ | श्री बसन्त आचार्य, बुटवल १२ दवाहा | चारपाङ्ग्रे सवारी तथा गत आ. व. को मर्मत खर्च विवरण/ लिखित निवेदन | परिचय खुल्ने कागजात तथा सुचनाको प्रयोजन माग गरि यस मन्त्रालयको मिति २०८१।०५।०५ गतेको पत्रबाट सुचना उपलब्ध गराईएको | |
| ३ | २०८१।०७।२९ | श्री खडक बहादुर खड्का ज्यु सानीभेरी गाउँपालिका १० रुकुम पश्चिम । | प्रदेशमा कार्यरत वन रक्षक सम्बन्धी विवरण | ईमेल मार्फत उपलब्ध गराईएको | |
| ४ | २०८२।०१।१४ | श्री सन्तोष गुसा रासी गाउँपालिका ५ दाङ | सामुदायिक वनको कार्ययोजना नविकरण सम्बन्धी विवरण | २०८१।०२।१४ मा पत्रमार्फत सुचना उपलब्ध गराईएको | |

*१७. यस निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरणः-*

- छैन ।

(प्रमोद भट्टराई)
सचिव

सुशिल सुवेदी
वरिष्ठ वन अधिकृत